# प्रदेश सभा
# गण्डकी प्रदेश
# आठौं अधिवेशन
# (चौधौं बैठक)
# कार्यवाहीको सम्पूर्ण विवरण
# मितिः- २०७८।०३।०१ गते

प्रदेश सभा, गण्डकी प्रदेशको आठौं अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीको अध्यक्षतामा साँझ ५ बजेर २० मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अबको बैठकको कार्यवाही प्रारम्भ हुन्छ।

माननीय सदस्यहरु, अब म, माननीय मुख्यमन्त्री तथा अर्थ मन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई मिति २०७८ असार १ गते सभा समक्ष प्रस्तुत गर्नुभएको आ.व. ०७८/०७९ को राजश्व र व्ययको अनुमानको एक प्रति गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ उपनियम १२९ को उपनियम (२) बमोजिम सभा समक्ष टेवुल गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेल**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले नेपालको संविधानको धारा २०३ को उपधारा १ तथा गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १२९ को उपनियम (१) बमोजिम मिति २०७८ साल असार १ गते सभा समक्ष प्रस्तुत भएको आ.व. २०७८/०७९ को राजश्व र व्ययको वार्षिक अनुमानको वार्षिक अनुमानको प्रति प्रदेश सभा नियमावली, २०७४ को नियम १२९

को उपनियम (२) बमोजिम सम्मानित सभा समक्ष पेश गर्दछु । कृष्णचन्द्र नेपाली पोखरेल मुख्य मन्त्री तथा अर्थमन्त्री ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब म माननीय मुख्य मन्त्री तथा अर्थ मन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेललाई आर्थिक विधेयक, २०७८ गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (१) बमोजिम सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय मुख्यमन्त्री तथा अर्थमन्त्री श्री कृष्णचन्द्र नेपाली पोखरेल**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले गण्डकी प्रदेश, प्रदेश सभा नियमावली, २०७४ को नियम १४० को उपनियम (१) बमोजिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावहरुलाई कार्यान्वयन गर्न बनेको आर्थिक नियम २०७८ सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । कृष्णचन्द्र नेपाली पोखरेल मुख्यमन्त्री तथा अर्थमन्त्री ।

**माननीय सभामुख**

माननीय सदस्यहरु, अब यो बैठक मिति २०७८ साल असार ३ गते दिनको १ बजेसम्मको लागि स्थगित हुन्छ ।

(तदन्तर गण्डकी प्रदेश सभाको अर्को बैठक २०७८ असार ०३ गते दिनको १ बजे बस्ने गरी दिनको ५ बजेर २८ मिनेटमा स्थगित भयो ।)